"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## DHARAN SUB-METROPOLITAN CITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, १ नं. प्रदेश, नेपाल

Sunsari, Province No. 1, Nepal

पत्र संख्या :- ६३/०८०/०८१ ............................ महाशाखा / शाखा / उपशाखा मितिः२०८०/०९/०३

चलानी नं. :- ३५५८

श्री सहकारी संस्थाहरु ( सबै )

धरान उपमहानगरपालिका, सुनसरी

**विषयः जानकारी गराएको सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा यस कार्यालयको नियमन क्षेत्रधिकारभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुले श्री संघिय मामिला तथा सामान्य प्रासशन मन्त्रालय,सिंहदरबार, काठमाण्डौं को प.सं. २०८०/०८१ र च.नं. १९८ मिति २०८०८/०६ गतेको पत्रसाथ प्राप्त श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को सुझाव कार्यान्वयनसम्बन्धि पत्रानुसार तपसिल बमोजिमको कार्यहरु गर्न हुन अनुरोध छ।

**तपसिलः**

१. **स्वेतपत्र जारी गर्नेः** सबै सहकारी संस्थाहरुले २०८० पौष २५ गते भित्र संस्थाको दायित्व, लगानी,तथा सम्पत्ति लगायतका वित्तिय विवरणसहित जोखिम सुधारका लागि समितिले गरेको प्रतिबद्धता समेटिएको स्वेतपत्र जारी गरी यस कार्यालयमा समेत ७ ( सात ) दिन भित्रमा अनिवार्य पेश गर्नुहुन।

२. **बचत फिर्ता कार्ययोजना निर्माण गर्नेः** समस्याग्रस्त र समस्याउन्मुख सहकारी संस्थाहरेले २०८० चैत्र मसान्तभित्र माग अनुसारको सम्पूर्ण बचत रकम फिर्ता गर्ने गरी मंसिर मसान्तभित्र बचत फिर्ता कार्ययोजना पेश गर्नुहुन।

३. **संचालक समिति तथा लेखा समिति सुपरिवेक्षण समिति सदस्यहरु र व्यवस्थापकको सम्पत्ति विवरण पेश गर्नेः** मितिः २०८० पौष मसान्तभित्र सबै सहकारी संस्थाका संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकको सम्पत्ति विवरण यस कार्यालयमा पेश गर्नुहुन।

४. **कोपोमिस प्रणालीमा विवरण प्रविष्ट गर्नेः** सबै सहकारी संस्थाहरुले अनिवार्य रुपमा कोपोमिस प्रणालीमा विवरण प्रविष्ट गर्नुहुन।

.........................

भक्तिराज शर्मा

उ आर्थिक विकास अधिकृत

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- ९८८

मितिः- २०८०/०८/०६

विषयः- जानकारी सम्वन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ३९१ मिति २०८०/०७/२४ को समन्वय तथा सहजीकरण सम्बन्धी पत्रसाथ प्राप्त कागजात आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(आयुषी भट्टराई)
शाखा अधिकृत

**बोधार्थः**
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार।
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५

# नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(सहकारी, व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्याः- १.६/स.व्य.प्र./२०८०/०८१
च.नं. ३९१

मितिः-२०८०/७/२४

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १८५५
दर्ता मितिः- २०८०/०८/०६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषयः- आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपालको संविधान बमोजिम सहकारी संस्थाहरुको कार्यक्षेत्रानुसार संघ, प्रदेश र सबै स्थानीय तहहरुलाई सहकारी संस्थाको दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी अधिकार प्रदान गर्ने गरी संघीय सहकारी ऐन, २०७४ ले व्यवस्था गरेको विदितै छ। सहकारी क्षेंत्रमा देखिएका समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/१/२६ को निर्णयानुसार गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको प्रतिवेदन कार्यान्वयनका लागि संलग्न विषयमा तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई पत्राचारको लागि सहकारी विभागबाट अनुरोध भई आएकोले सोही अनुसार सबै स्थानीय तहहरुबाट कार्यसम्पादनको व्यवस्था मिलाउन आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गरिदिनुहुन मिति २०८०/७/२४ को निर्णयानुसार अनुरोध छ ।

२०८०/६/२८

..........................
(खेमनारायण पौडेल)
शाखा अधिकृत

मिति: २०८०/७/२४

श्री सहकारी विषय हेर्ने मन्त्रालय (सबै प्रदेश),
श्री सबै स्थानीय तहहरु ।

**विषय: सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को सुझाव कार्यान्वयन सम्बन्धमा।**

सहकारी क्षेत्रमा हाल देखा परेको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले दिएको सुझाव कार्यान्वयनका लागि आ-आफ्नो नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरुमा तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

**१. स्वेतपत्र जारी गर्न निर्देशन दिने**

सबै सहकारी संघसंस्थाहरुले २०८० मंसीर मसान्तभित्र संस्थाको दायित्व, लगानी तथा सम्पत्ती लगायतका वित्तीय विवरण समेटिएको स्वेतपत्र जारी गरी सम्बन्धित नियामक निकायमा पेश गर्न सबै प्रदेश र स्थानीय तहले आ-आफ्नो नियमन कार्यक्षेत्रभित्रका संस्थाहरुलाई ७ दिनभित्र निर्देशन जारी गर्ने।

**२. सघन अनूगमन गर्ने**

बचत फिर्ताका विषयमा उजुरी प्राप्त भएका सहकारी संस्थाहरुको सघन अनूगमन गरी प्राप्त प्रतिवेदनका आधारमा समस्याग्रस्त, समस्याउन्मुख एवं साधारण गरी तीन समूहमा वर्गीकरण गर्ने।

**३. बचत फिर्ता कार्ययोजना निर्माण गर्न लगाउने र त्यसको कार्यान्वयनको अनूगमन गर्ने**

समस्याग्रस्त र समस्याउन्मुख सहकारी संस्थाहरुलाई २०८० चैत्र मसान्तभित्र माग अनुसारको सम्पूर्ण बचत रकम फिर्ता गर्ने गरी बचत फिर्ता कार्ययोजना पेश गर्न सहकारी संस्थाहरुलाई पत्राचार गर्ने । प्राप्त कार्ययोजना बमोजिम बचत फिर्ता भए नभएको यकिन गर्न मासिक प्रतिवेदन माग गरी अध्ययन/ पृष्ठपोषण तथा ताकेता गर्ने ।

**४. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति सदस्यहरु र व्यवस्थापकको सम्पती विवरण संकलन गर्ने**

२०८० मंसिर मसान्तभित्र सबै सहकारी संस्थाका सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकको सम्पत्ति विवरण सम्बन्धित नियामक निकायमा पेश गर्न विभाग सहित सबै प्रदेश र स्थानीय तहले आ-आफ्नो नियमन कार्यक्षेत्रभित्रका संस्थाहरुलाई ७

रजिष्ट्रार

दिनभित्र निर्देशन जारी गर्ने । प्राप्त सम्पत्ति विवरणको विद्युतीय माध्यममा सुरक्षित किसिमले अभिलेखिकरण गर्ने।

५. सम्पत्ति रोक्का राख्न लेखी पठाउने

समस्याग्रस्त र समस्याउन्मुख सहकारी संस्थाका सञ्चालक समिति तथा लेखा समितिका सदस्यहरु र व्यवस्थापकको बैंक खाता, अचल सम्पत्ति र राहदानी रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउने ।

६. थप अनुसन्धानको लागि प्रहरीमा लेखी पठाउने

अनूगमन प्रतिवेदन प्राप्त भएको मितिले १५ दिनभित्र समस्याग्रस्त र समस्याउन्मुख सहकारी संस्थाहरुलाई प्रारम्भिक विवरण सहित थप अनुसन्धानको लागि प्रहरीमा लेखी पठाउने ।

७. कोपोमिस प्रणालीमा विवरण प्रविष्टी गराउने

आफ्नो क्षेत्राधिकारमा भएको सबै सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा कोपोमिस प्रणालीमा विवरण प्रविष्टी गर्न निर्देशन जारी गर्ने र सो को प्रभावकारी अनूगमन र सहजीकरण गर्ने ।

रजिष्ट्रार